प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
स्तर निर्धारण तथा सम्बन्धन महाशाखा
सानोठिमी, भक्तपुरको

**श्री टिकापुर नर्सिङ्ग क्याम्पस टिकापुर कैलालीको नाममा सम्बन्धन/स्वीकृति प्रमाणपत्र तह नर्सिङ्ग (हाल स्थगित) कार्यक्रम नामसारी (स्वामित्व हस्तान्तरण) सम्बन्धमा ३५ दिने हकदावी सम्बन्धी अत्यन्त जरुरी सूचना !**

प्रकाशित मिति २०८२/०७/१८

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट ३ वर्षे प्रमाणपत्र तह नर्सिङ्ग (हाल स्थगनमा) कार्यक्रमको सम्बन्धन/स्वीकृति प्राप्त संस्था **श्री टिकापुर नर्सिङ्ग क्याम्पस टिकापुर कैलालीले** १०० वेडको **श्री लालरत्न अस्पताल प्रा.लि. लम्कीचुहा-१, कैलाली**को नाममा नामसारी (स्वामित्व हस्तान्तरण) गरी स्थगित प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रम पुनः संचालन गर्न पाउँ भनी पेश गरेको निवेदन उपर कारवाही हुंदा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को मिति २०८२/०३/१७ गते बसेको २०९ औं बैठकको निर्णय नं. ११७१ बमोजिम गठित कार्यटोली बैठकको मिति २०८२/०६/३१ गतेको निर्णयानुसार स्थगित नर्सिङ्ग कार्यक्रमलाई माग भै आए अनुसार अस्पतालको नाममा नामसारी (स्वामित्व हस्तान्तरण) प्रकृया अगाडी बढाउने प्रयोजनका लागि उल्लेखित संस्था र सम्बन्धन/स्वीकृति भै हाल स्थगित प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रम प्रति कोही कसैको हकदावी विरोध गुनासो आदि भए यो सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा अन्तिम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्रमा स-प्रमाण लिखित जानकारी गराउनुहुन अनुरोध छ ।उल्लेखित समय भित्र कसैको उजुरी परेमा सोही अनुसार हुने र उजुरी नपरेमा कानूनी म्याद समाप्त भएपछि नामसारी (स्वामित्व हस्तान्तरण) प्रकृया अगाडि बढ्ने र म्याद नाघी आएका दावी विरोध उजुरी उपर कुनै कारवाही नहुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सम्पर्कका लागि**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
फोन नं. ०१-६६३०४०८, सानोठिमी, भक्तपुर ।
इमेल:**ctevtaccreditation061@gmail.com**